# स्थानीय राजपत्र

## भाग-२ खण्ड ६ संख्या ८

## बागलुङ नगरपालिकाद्वारा प्रकाशित

## बागलुङ नगरपालिकाको बाल कल्याण कोष संचालन कार्यविधि २०७९

अनुसूची २

(दफा ४ तथा अनुसूची १ को भाग-२ संग सम्बन्धित)

बागलुङ नगरपालिका

# स्थानीय राजपत्र

खण्ड ६ संख्या ८, २०७९ माघ ११

**भाग–२**

## बागलुङ नगरपालिका

# बागलुङ नगरपालिकाको बाल कल्याण कोष संचालन कार्यविधि २०७९

**प्रस्तावनाः**

बाल अधिकारका चार पक्ष बाल बचाउ, बाल संरक्षण, बालविकास र बाल सहभागितालाई अभिवृद्धि गर्दै बालअधिकारको सम्मान पालना समर्थन सम्बर्धन, परिपूर्ति एवं बालमैत्री स्थानीय तह निर्माण गरी बालबालिकाको सर्वोत्तम हित कायम गर्न बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धी, नेपालको संविधान, प्रचलित बालबालिका विद्यमान कानुनहरु तथा स्थानीय सरकार संचालन ऐन २०७४ ले

परिकल्पना गरेको विषयहरुलाई कार्यान्वयन गर्न  वाञ्छनीय भएकोले |

नेपालको संबिधान को भाग १८ धारा २२६ ले दिएको अधिकार तथा स्थानीय सरकार सन्चालन ऐनको परिच्छेद ३ को दफा ११ च, ज, झ, ड ले दिएको अधिकार प्रयोग गरी वनाइएको कार्यविधि |

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

यस कार्यविधिको नाम बागलुङ नगरपालिकाको बाल कल्याण कोष संचालन कार्यविधि २०७९

१. यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ |

**२.परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) “संबिधान” भन्नाले नेपालको संबिधान, २०७२ लाइ सम्झनुपर्छ |

(ख) “ऐन” भन्नाले स्थानीय सरकार संचालन ऐन,२०७४ सम्झनुपर्छ |

(ग) “कार्यविधि” भन्नाले बागलुङ नगरपालिकाको बाल कल्याण कोष संचालन कार्यविधि २०७९ सम्झनुपर्छ |

(घ) “बाल क्लब” भन्नाले बाल समूह, बाल क्लब, बाल मञ्च लगायतका बालबालिकाका समूह तथा तिनका सञ्जालहरू समेत सम्झनुपर्दछ।

(ङ) “बालबालिका” भन्नाले नेपालको कानून अनुसार १६ वर्ष उमेर पूरा नगरेका र अन्तर्राष्ट्रिय कानून अनुसार १८ वर्ष उमेर पूरा नगरेका सबै व्यक्तिलाई सम्झनुपर्दछ।

(च) “बालमैत्री कार्यक्रम” भन्नाले बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिकामा आधारित भै बाल अधिकार प्रवर्द्धन गर्न सरकारी, गैर सरकारी, निजी, सहकारी तथा सामुदायिक क्षेत्र र यी साझेदारीमा सञ्चालन हुने कार्यक्रमहरू सम्झनुपर्दछ।

(छ) “बालमैत्री वडा” भन्नाले यस निर्देशिका बमोजिम सूचक पुरा गरी घोषणा गरिएको वडालाई सम्झनुपर्दछ।

(ज) “बालमैत्री बागलुङ नगरपालिका” भन्नाले यस निर्देशिका बमोजिम सूचक पूरा गरी घोषणा गरिएको नगरपालिकालाई सम्झनुपर्दछ।

(झ) “बालमैत्री स्थानीय शासन” भन्नाले गैरविभेदीकरण, बालबालिकाको सर्वोत्तम हित, सर्वाङ्गीण विकास र अर्थपूर्ण सहभागिताको सिद्धान्तमा आधारित भई बाल बचाउ, बाल संरक्षण, बाल विकास र अर्थपूर्ण बाल सहभागिता जस्ता बाल अधिकारका सवाललाई बागलुङ नगरपालिकाको नीति, योजना, संरचना र कार्य प्रक्रियामा संस्थागत गर्ने शासकीय पद्धतिलाई सम्झनुपर्दछ।

(ञ) “बागलुङ नगरपालिका” भन्नाले नगरपालिका र तिनका वडा समेतलाई सम्झनुपर्छ ।

(ट) "बागलुङ सम्पर्क कार्यालय" भन्नाले बागलुङ नगरपालिकाको सम्पर्क कार्यालयको रुपमा काम गर्ने बागलुङ नगरपालिकाको कार्यालयलाई जनाउनेछ।

(ठ) नगर प्रमुख भन्नाले बागलुङ नगरपालिकाको प्रमुख लाइ जनाउछ ।

(ड) नगर उपप्रमुख भन्नाले बागलुङ नगरपालिकाको उपप्रमुख लाइ जनाउछ ।

(ढ) प्रमुख प्रशासकीय अधिकृत भन्नाले बागलुङ नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाइ जनाउछ ।

## परिच्छेद-२

## बाल कल्याण कोषको संचालनको लागि समिति, संस्थागत तथा कार्यान्यन व्यवस्था/प्रक्रिया

**२. बालबालिकाको संरक्षण र सम्बर्द्धनका लागि बाल कल्याण कोषको व्यवस्थाः**

(१)बागलुङ नगरपालिका तथा वडा स्तरमा एक-एक वटा बालकल्याण कोषको स्थापना गरिने छ ।

(२)कोषमा देहाय बमोजिमको रकमहरु रहने छ ।

(क) स्थानीय तहबाट विनियोंजन गरिएको रकम

(ख) सङ्घीय तथा प्रदेश सरकारबाट प्राप्त रकम

(ग) विदेशी सरकार,अन्तराष्ट्रिय संघसस्थाबाट प्राप्त रकम

(घ) स्वदेशी संघ, सस्था बाट प्राप्त हुन् आएको रकम ।

(ङ) अन्य विविध श्रोत बाट प्राप्त हुन् आएको रकम ।

(३)बालकोषको प्रयोग जोखिम अवस्था रहेको र विशेष संरक्षणको आवस्यकता भएका बालबालिकाको संरक्षण तथा सम्बर्द्धनका लागि निम्न शिर्षकमा खर्च गर्न सकिनेछ ।

(१) जोखिमपूर्ण श्रममा संलग्न रहेको,

(२) हराएको वा वेवारिस अवस्थामा फेला परेको,

(३) ऋणको कारणले बन्धकमा रहेको वा जवर्जस्ती श्रमबाट पीडित भएको,

(४) शारीकिक वा मानसिक यातना वा भेदभाव जस्ता दुर्व्यवहारबाट पीडित भएको,

(५) दुर्घटना परेको, प्राकृतिक वा दैवी प्रकोपमा परेको,

(६) बाबु वा आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसुर्संग सम्बन्धित रहेको कारणले बेवारिसे भएको,

(७) यौनशोषण, यौन दुर्व्यवहार, वेचविखन वा ओसारपसार परेको,

(८) हिंसाबाट प्रभावित भएको,

(९) बाबुआमा वा संरक्षणबाट बन्चित भएको,

(१०) अपाङ्गता भएको,

(११) सुस्तमनस्थिति भएको,

(१२) अपहरण वा शरीर बन्धक परेको,

(१३) सडक बालबालिका,

(१४) एच.आई.भी. एड्स संक्रमित भएको,

(१५) जन्मने वित्तिकै आमा वा बुवाबाट तिरस्कृत भै संरक्षण-विहिन अवस्थामा फेला परेको शिशु

(१६) विभिन्न कारणबाट आमाबाबुबाट त्यागिएको,

(१७) समितिले तोकेका अन्य बालबालिका ।

(४) दफा ३ मा उन्ल्लेख भए बाहेकको अन्य शीर्षकमा कोषको रकम खर्च गर्न सकिने छैन ।

(५)दफा ४ मा जुनसुकै कुरा लेखिएको भएतापनि कोषको कुल खर्च रकमको १० प्रतिशत सम्मको रकम कोष संचालक समितिको बैठक संचालन तथा व्यवस्थापनमा लाग्ने खर्चको लागि उपयोग गर्न सकिने छ ।

**४. दफा ३ मा उल्लिखित संरक्षणको समस्यामा परेको बालबालिकाले अनुसूची १ अनुसारको निवेदन पेस गर्नुपर्नेछ ।**

**५. कोष संचालक समितिको गठन देहाय बमोजिम ४ सदस्यको हुनेछ ।**

(क) बागलुङ नगरपालिका बालकल्याण कोषको हकमा नगरपालिका प्रमुख र वडा स्तरीय कोषको हकमा वडाध्यक्षय संयोजक रहने ।

(ख) बागलुङ नगरपालिकाको हकमा बाल संरक्षण समितिको संयोजक र वडाको हकमा बालबालिका डेक्सको सम्पर्क व्यक्ति सदस्य रहने ।

(ग) बागलुङ नगरपालिकाको हकमा नगर बाल संजालले छनोट गरेको तथा वडाको हकमा वडा बाल संजालले छनोट गरेको एक जना बालक र एक जना बालिका सदस्य रहने ।

(घ) बागलुङ नगरपालिकाको हकमा प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको व्यक्ति र वडाको हकमा वडा सचिव सदस्य सचिव रहने ।

**६. समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिमको हुनेछ ।**

(क) जोखिम अवस्थामा रहेका र विशेष संरक्षणको आवस्यकता भएका बालबालिकाको उद्दार गर्न, स्वास्थ्ययोपचार गर्ने, पुनस्थापना गर्ने तथा त्यस्ता बालबालिकालाई राहत दिने सम्बन्धमा आवस्यक कार्यक्रम तर्जुमा गर्ने,

(ख) कुनै बालबालिका जोखिम अवस्थामा भए वा नभएको निर्धारण गर्ने,

(ग) स्वीकृत कार्यक्रमको लागि कोष परिचालन गर्ने वा गराउने,

(ग) स्वीकृत कार्यक्रमको भए नभएको सम्बन्धमा अनुगमन गर्ने,

(घ) जोखिम अवस्थामा रहेका बालबालिकालाई राहत स्वरूप दिइने रकमको मापदण्ड बनाइ लागु गर्ने,

(ङ) जोखिम अवस्थामा रहेका बालबालिका सम्बन्धि अध्यन तथा अनुसन्धान गर्ने वा गराउने,

(छ) समितिबाट गरिने कार्यक्रमको अनुगमन गर्ने वा गराउने,

(ज) बालबालिकाको क्षेत्रमा काम गर्ने निकाय तथा सस्थासंग समन्यव गर्ने,

(झ) कोष वृद्धिको लागि स्रोतको खोजि गर्ने,

(ञ) अनुसूच १ अनुसार परेको निवेदनको अनुगमन गरी आवस्यक समन्यवय गर्नेछ ।

(ट) जोखिम अवस्थामा रहेका बालबालिका सम्बन्धि अन्य काम गर्ने वा गराउने ।

## ७. समितिको बैठकको निर्णय

(१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्ने छ

(३) समितिको बैठक बस्नु भन्दा कम्तिमा २४ घण्टा अगावै समितिको सदस्य -सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सदस्यहरूलाई दिनुपर्नेछ

(४) समितिको दुई तिहाई सदस्यहरु उपस्थिति भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठक संचालन समितिको अध्यक्षले गर्नेछ अधक्ष्यको अनुपस्थितिमा समितिका उपस्थि सदस्यहरूले आफूमध्येबाट छानेको जेष्ठता सदस्यले गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको निर्णय मान्य हुन्छ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले मत दिनेछ

(७) समितिको निर्णय समितिको अध्यक्ष र सदस्यसचिवले प्रमाणित गर्नेछ ।

(८) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ

(९) जोखिममा रहेका बालबालिका आकस्मिक उद्दार तथा पुनःस्थापना गर्नुपर्ने अवस्था भएमा समितिको संयोजक र

सदस्य सचिवको आपसी सहमतिले आवश्यक हुने रकम निकासा खर्च गर्ने सक्नेछन् । तर सो खर्च रकम समितिको बैठकबाट अनुमोदन गर्नुपर्नेछ ।

**८. कोषको खाता संचालन**

(१) कोषको रकम समितिको निर्णयले नेपाल राष्ट्र बैङ्कबाट इजाजत प्राप्त पायक पर्ने बैंकमा खाता खोली संचालन गरिनेछ।

(२) उपदफा (१) बमोजिमको खाता संचालनका लागि बागलुङ नगरपालिकाको हकमा प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको सयुक्त दस्तखतबाट र वडाको हकमा वडा सचिव र बालमैत्री सम्पर्क व्यत्तिको सयुक्त दस्तखत बाट संचालन गरिनेछ ।

**९. रकम फ्रिज नहुने**: प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि कोषको रकम खर्च नभई आर्थिक वर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुने छैन।

**१०. कोषको लेखा र लेखापरीक्षणः** (क) कोषको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राखिनेछ ।

(ख) कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

**११. प्रतिवेदन पेश गर्ने**: समितिले आफूले गरेको कार्यको बार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तिन महिनाभित्र बागलुङ नगरपालिका समक्ष पेश गर्नु पर्नेछ ।

**१२. अनुगमन सम्बन्धी** व्यवस्थाः यस कार्यविधि अनुसार खर्च भएको रकम **बाल कल्याण कोषको अर्थपूर्ण प्रयोगको** र यसको प्रभावकारितामा भए नभएको सम्बन्धमा नगर उपप्रमुखको संयोजकमा एक अनुगमन

समिति आवस्यकतानुसार गठन गरी सोहि अनुसार समय समयमा अनुगमन गरी आवश्यक सल्लाह, सुझाव र पृष्ठपोषण प्रदान गर्नेछ

## परिच्छेद ३

## विविध

**१३. बालमैत्री स्थानीय शासनमा सरोकारवाला निकायको भूमिकाः बाल कल्याण कोषको** कार्यान्वयनको मुख्य जिम्मेवारी बागलुङ नगरपालिकाको रहनेछ।

**१४. स्रोत व्यवस्थापनः बाल कल्याण कोषको** प्रवर्द्धनको लागि आवश्यक पर्न बजेट बागलुङ नगरपालिकाले आफ्नो वार्षिकबजेटबाट व्यवस्थापन गर्नेछ।

**१५. कार्यविधिको व्याख्या गर्ने वा बाधा अड्काउ फुकाउने अधिकारः** कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै दुविधा हुन गएमा सो को व्याख्या वा बाधा अड्काउ फुकाउने अधिकार बागलुङ नगर कार्यपालिकालाई हुनेछ |

**१६. खारेजी र बचाउः** यो कार्यविधि **बाल कल्याण कोष,** बालमैत्री स्थानीय शासन तथा बालबालिका सम्बन्धि प्रचलित नेपाल सरकारको कानुन सँग बाँझिन गएमा बाझिएको हद सम्म यो कार्यविधिमा लेखिएको कुराहरु अमान्य हुनेछन र नेपाल सरकारको कानुनमा लेखिएको कुराहरु मान्य हुनेछ |

**१७. विविधः** बालबालिका सम्बन्धी कार्य सञ्चालन गर्दा यो कार्यविधि बमोजिम हुनेछ र यस कार्यविधिमा उल्लेख नभएका प्रक्रियाहरु अवलम्बन गर्दा **बाल कल्याण कोष,** बालमैत्री स्थानीय शासन तथा

बालबालिका सम्बन्धी प्रचलित नेपाल सरकारको कानुनमा भएको बालसंरक्षण र संवर्धन प्रक्रियाहरु अबलम्वन गर्न कुनै बाधा पर्ने छैन।

# अनुसूची–१

## (दफा १) सँग सम्बन्धित)

## सहयोगका लागि निवेदन को नमुना

............ नगरपालिका

......... जिल्ला

गण्डकी प्रदेश

नेपाल

मिति

श्री.......................................

..................................................

.................. जिल्ला ........................पालिका ....................वडा नं ............को ................. मा तथा ............. ................... विद्यालयमा अध्यापन गर्ने बाबा ....................... .................. र आमा ................ .................. को छोरा/छोरी ................ .......................... लाइ ....................... ....................... समस्याले गर्दा यस नगरले बालबालिकाको सम्पुर्ण व्यक्तित्व विकासको लागि बागलुङ बाल कल्याण कोष व्यवस्थापन कार्यविधि २०८१ कार्यन्वन भैरहेकोले मलाइ सोहि कार्यविधि अनुसारको व्यवस्था गर्नुहुन अनुरोध छ ।

प्रमुख प्रशासकीय अधिकृत

प्रमाणिकरण

बसन्त कुमार श्रेष्ठ
नगर प्रमुख

प्रमाणिकरण मिति : २०७९।१०।११ गते बुधवार

आज्ञाले
पुरुषोत्तम सापकोटा
प्रमुख प्रशासकीय अधिकृत